

# तल्लो खारे खोला जलविद्युत खबर

पावर हाउसको निर्माण कार्य अन्तिम चरणमा ।

फागुन २०७५, अंक २८

## आयोजनाको हालको निर्माण अवस्था

तल्लो खारे खोला जलविद्युत आयोजनाको हेडवर्क्स तर्फ निर्माण कार्य गर्ने क्रममा निर्माण कम्पनी Atlas Hydro Consortium (Joint Venture)ले बाँध, ईन्टेक, ग्रावेल ट्र्याप, कनेक्टीङ क्यानल,डिस्याण्डर वेसीन र फोरवेमा सिभिल संरचनाको निर्माण कार्यहरु गरिरहेको छ ।

उक्त निर्माण कम्पनीले कनेक्टीङ क्यानल, ग्राभेल ट्राप,डिस्यान्डर वेसीन र फोरवेको निर्माण कार्य सम्पन्न गरेको छ भने डिस्याण्डर वेसिनको होइस्टीङ र स्पील वे,ग्राभेल ट्रापको होइस्टिङ र स्पिल वे को निर्माण कार्य गरिरहेको छ । उक्त निर्माण कम्पनीले खोलाको पानी under sluice बाट पठाएर बाँधको बाँकि निर्माण कार्य गरिरहेको छ ।



बाँधको निर्माण कार्य हुँदै



**Bifurcation को Erection सम्पन्न भएको**

हेडवर्क्स तर्फको हाइड्रो मेकानिकल निर्माण कम्पनी क्रिम हाइडेल प्राइभेट लिमिटेडले हेडवर्क्समा आवश्यक गेट तथा स्टपलगको फ्रेमहरु र गेटहरु जडान गर्ने कार्य गरिरहेको छ । यसरी गेट राख्ने क्रममा डिस्यान्डर वेसिनको इनलेट गेट र आउटलेट गेट,डिस्यान्डर वेसीनको फ्लसिङ गेट,इन्टेक गेटको फ्रेम र कोर्स ट्रयास र्याक जडान गरि सकिएको छ भने फाईन ट्रयास र्याक जडान गरिँदै छ । साथै hoisting को लागि प्रयोग हुने समानहरु तयार भई सकेको छ र सो को ढुवानी भई रहेको छ ।

पेनस्टक पाईपतर्फको हाइड्रो मेकानिकल निर्माण कम्पनी नर्थ हाइड्रो एण्ड इन्जिनियरिङ्ग प्रा. लि.द्वारा आयोजना स्थलमा पेनस्टक पाईपको erection गर्ने कार्य गरि रहेको छ । उक्त निर्माण कम्पनीले पेनस्टक पाईपको fabrication गर्ने कार्य सम्पन्न गरि सकेको छ । उक्त निर्माण कम्पनीले कुल ३४०० मिटर पाईप तयार गरिसकेको छ । हालसम्म २७७८ मिटर पाईप erection भई welding/testing भई सकेको छ । साथै उक्त निर्माण कम्पनीले bifurcation को erection सम्पन्न गरिसकेको छ भने expansion joint को erection गरिँदै छ ।

पाईप लाइनको सिभिल निर्माण कार्यको लागि निर्माण कम्पनी मस्र्डीङ्ग देवि/राप्ती हाईड्रो जे. भि. ले आयोजना स्थलमा ३००० मिटर पेनस्टक पाईप राख्ने ट्रेन्च excavation गरी सकेको छ । excavation गरिएको ३००० मिटर ट्रेन्च मध्ये २७७८ मिटरमा पेनस्टक पाईप erection को कार्य सम्पन्न भई सकेको छ भने थप ३०० मिटरको bed बनाउने कार्य भई रहेको छ । उक्त निर्माण कम्पनीले हालसम्म २५ वटा anchor block को ढलान गरिसकेको छ भने थप ८ वटा anchor block को ढलान गर्ने तयारी गरिरहेको छ । पेनस्टक पाईपको सुरक्षाको लागि ग्याबियन वाल लगाउने कार्य र backfilling को कार्य भइरहेको छ ।

पावर हाउसको निर्माण कार्य अगाडी बढाउने क्रममा निर्माण कम्पनी माउन्टेन इन्फ्राकम्पनी प्रा.लि.ले पावर हाउसको machine foundation को ढलान,wall र column को ढलान गर्ने कार्य सम्पन्न गरिसकेको छ भने tailrace को निर्माण कार्य भइरहको छ । साथै उक्त निर्माण कम्पनिले पावर हाउसको छानाको लागि आवश्यक truss को fabrication गरि साईटमा ढुवानी गरीसकेको छ । यसै गरी पावर हाउसको टेलरेस गेटको फ्रेम राखी ढलान गर्ने कार्य सम्पन्न भई सकेको छ भने electro mechanical तर्फ पनि embedded parts राखी ढलान गर्ने कार्य भई रहेको छ ।



ने.वि.प्रा.द्वारा **generator** को निरिक्षण सम्पन्न

पावर हाउसको लागि इलेक्ट्रो-मेकानिकल कार्य गर्नको लागि Flovel Energy Pvt. Ltd. ले Generator र Transformer बाहेकको अधिकाश सामानहरु साइटमा ढुवानी गरिसकेको छ । साथै इलेक्ट्रो-मेकानिकल सामान जडान गर्नको लागि Flovel Energy Pvt. Ltd. बाट सम्बन्धित इन्जीनियर र अन्य कर्मचारी साईटमा mobilize भईसकेका छन । त्यसै गरी generator को ढुवानी गर्नको लागि नेपाल विद्युत प्राधिकरणको प्राविधिक टोली भारतस्थिति निर्माण कम्पनीमा गई inspection गर्ने कार्य सम्पन्न भएको छ ।



**Expansion Joint** को जडान गरिँदै

आयोजनाको प्रसारण लाइनको लागि आवश्यक निजी जग्गा खरिद गर्ने कार्य सम्पन्न भई सकेको छ भने सार्वजनिक जग्गा नेपाल सरकारबाट बहालमा लिनको लागि आवश्यक कारवाही अगाडि बढाइएको छ । आयोजनाको १३२ के.भी. प्रसारण लाइनको निर्माण कम्पनी मुडभरी एण्ड जोशी कन्स्ट्रक्सन प्रा.लि द्वारा check survey, tower design, foundation design र soil test गर्ने कार्य सम्पन्न भएको छ ।



पाईप लाइनको काम हुँदे

**शेयर बाँडफाँड**

आयोजनाले स्थानिय प्रभावित र सर्वसाधारणको लागि साधारण शेयर जारी गरि बाँडफाँड समेत गरिसकेको छ । १३ सय ५० कित्तासम्म भर्ने सबैलाई मागे अनुसार नै शेयर वितरण गरिएको बिक्री प्रबन्धक सिदार्थ क्यापिटलले जनाएको छ । क्यापिटलका अनुसार न्युनतम ५० देखि अधिकतम १३ सय ५० कित्ताको लागि आवेदन दिनेले माग बमोजिम शेयर पाएका छन । त्यस्तै १५ सयदेखि १० हजार कित्ताको लागि आवेदन भर्ने लगानीकर्तालाई १३ सय ५० कित्ता शेयर दिइएको छ । सबै आवेदकलाई दिएर बाँकी रहेको १५ सय ७० कित्ता,१५ सयदेखि १० हजार कित्ताको लागि आवेदन दिने १ सय ५७ जनाले थप १० कित्ता शेयर पाएका छन ।

माघ २५ देखि फागुन ८ गतेसम्म बिक्री खुल्ला भएको शेयर भर्न १ लाख ५ हजार १ सय १९ जनाले आवेदन दिएका थिए । कम्पनीले दोलखाको खारे खोलामा निर्माणाधिन ११ मेगावाटको तल्लो खारेखोला जलविद्युत आयोजनाको लागि ९३ लाख २७ हजार ४ सय १० कित्ता शेयर निष्काशन गरेको थियो । निष्काशन गरिएको शेयरमध्ये ८६ करोड ७४ लाख ४९ हजार २ सय रुपैयाँ बराबरको ८६ लाख ७४ हजार ४ सय ९२ कित्ता शेयर सर्वसाधारणको लागि निष्काशन गरेको हो । निष्काशन गरिएको शेयरमध्ये १ लाख ८६ हजार ५ सय ४८ कित्ता कम्पनिमा कार्यरत कर्मचारीको लागि र ४ लाख ६६ हजार ३ सय ७० कित्ता शेयर सामुहिक लगानी कोषको लागि छुट्टाइएको थियो । कम्पनिले निर्माणाधिन आयोजनाबाट २०७६ साउनदेखि विद्युत उत्पादन गर्ने लक्ष्य लिएको छ । आयोजनाको अहिले ८० प्रतिशत काम सम्पन्न भएको छ ।

सम्पादक : शालिकराम चालिसे

युनिभर्सल पावर कम्पनी लिमिटेड

त्रिपुरेश्वर ,काठमाडौं

फोन नं: ९७७-१०१०९७, ४२५१४६३,

ईमेल:info@universalpowercompany.com.np